# सिद्धिचरण नगरपालिका, ओखलढुंगा

## १ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड १, संख्या १ मिति २०७५/४/१

**भाग २**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकारको प्रयोग गरी सिद्धिचरण नगरपालिका, ओखलढुंगाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७५ सालको निर्देशिका नं. १**

**सिद्धिचरण नगरपालिकाको "विज्ञापन कर निर्देशिका, २०७५"**

**कार्यपालिकाबाट पारित मिति २०७५/३/२४ प्रमाणिकरण मिति २०७५/३/३०**

सिद्धिचरण नगरपालिकाले आफ्नो क्षेत्रमा कुनै वस्तु वा सेवा तथा अन्य कुराको प्रचार प्रसार आदिका लागि राख्न दिने विज्ञापन वोर्ड तथा सामाग्रीमा विज्ञापन कर लगाई असुल उपर गर्न नगरपालिका क्षेत्रमा राखिने विभिन्न आकार, प्रकार र बनौटका विज्ञापन वोर्डहरु तथा प्रचार, प्रसारका सामाग्रीहरुको नियमन र व्यवस्थापन गरी करको दायरामा ल्याउन २०७५।0३।२४ को नगर कार्यपालिकाको बैठकवाट यो "विज्ञापन कर निर्देशिका, २०७५" पारित गरी लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम सिद्धिचरण नगरपालिकाको "विज्ञापन कर निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका सिद्धिचरण नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले सिद्धिचरण नगरपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले सिद्धिचरण नगरपालिकाको कार्यालयलाई बुझाउदछ ।

(घ) "शाखा" भन्नाले सिद्धिचरण नगरपालिकाको कार्यालयमा रहेको आर्थिक व्यवस्थापन शाखा र सो शाखा अन्तर्गतको राजश्व शाखालाई सम्झनुपर्दछ ।

(ङ) "विज्ञापन" भन्नाले नगरपालिका क्षेत्रमा राखिने होर्डिङ्ग वोर्ड, साइन वोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने बिद्युत तथा सोलार बत्तीको खम्वामा प्रयोग गरिएको प्रचार सामाग्री लेख्ने वा विद्युतीय तरंग प्रयोग गरीएको प्रचारको लागी राखिने वस्तु वा सामग्रीलाई सम्झनुपर्दछ । सो शव्दले तोकिएको ठाउँमा राख्न, टाँस्न वा प्रदर्शन गर्न सकिने व्यानर, स्टिकर तथा मोवाइल प्रचार सामग्री समेतलाई बुझाउदछ ।

(च) "वोर्ड" भन्नाले विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिएको धातुको पाता वा विज्ञापन गर्ने उद्देश्यले निर्माण गरिने अन्य कुनै किसिमको वोर्डलाई बुझाउँछ । सो शव्दले विज्ञापन सामाग्री राख्ने प्रर्दशन गर्ने उद्देश्यले तयार गरिएको धातु तथा स्क्रीन वोर्ड समेतलाई सम्झनुपर्दछ ।

(छ) "साइन वोर्ड" भन्नाले संघ, संस्था, व्यक्ति वा फर्ममा परिचय गराउने उद्देश्यले उक्त संघ, संस्था, फर्मको कार्यालय अघिल्तिर राखिएको नाम वा संकेत उल्लेख गरिएको वोर्डलाई बुझाउदछ ।

(ज) "नियोन वोर्ड" भन्नाले विद्युतीय तरङको माध्यमबाट संचालित विज्ञापन वोर्डलाई बुझाउदछ ।

(झ) "ग्लो वोर्ड" भन्नाले संघ संस्था वा व्यवसायीक फर्मको परिचय गराउने वा उक्त व्यवसायिक फर्मको उत्पादनको प्रचार गर्ने उद्देश्यले तयार पारिएको वोर्डलाई जनाउदछ ।

(ञ) "स्टल" भन्नाले उत्पादन वा निजको व्यवसायिक प्रतिनिधिले प्रचारको लागि निश्चित समय तोकि सडक, सार्वजनिक खुला स्थानमा टेबुल, गाडी वा मंच (स्टेज) मा वस्तुहरु तथा प्रचार सामाग्रीहरु सजाएर राखिएको सानो नमुना पसललाई जनाउँछ । यो शब्दले विभिन्न मेला वा प्रदर्शनिमा राखिएको स्टलहरुलाई समेत जनाउदछ ।

(ट) "होर्डिङ्ग बोर्ड" भन्नाले विज्ञापन वा प्रचार सामाग्री लेख्ने, टाँस्ने, अड्याउने, राख्ने, लगाउने उद्देश्यले सडक वा चोकबाट सजिलै अवलोकन गर्न सकिने गरी धातुको फ्रेममा जडान गरिएको बोर्डलाई सम्झनुपर्छ । सो शब्दले प्रचार सामाग्री लगाउने उद्देश्यले बनाईएको धातुको फ्रेम तथा कुनै अग्लो संरचनामा झुण्डयाईएको होर्डिग वोर्ड समेतलाई बुझाउदछ ।

(ठ) "ट्राई भिजन वोर्ड" भन्नाले वस्तु वा सेवाको प्रचार गर्ने उद्देश्यले एउटै संरचनाबाट तीन भिन्न भिन्न किसिम र तरिकाले विज्ञापन वस्तु अवलोकन गर्न सकिने गरि

अग्लो धातुको फ्रेममा अड्याएर राखिएको विद्युतिय विज्ञापन वोर्डलाई जनाउँछ ।

(ड) "स्क्रोलर वोर्ड" भन्नाले उत्पादनको प्रचार, प्रसार गर्ने वोर्ड सम्झनु पर्दछ ।

(ढ) "स्क्रिन वोर्ड" भन्नाले चलचित्र वा विज्ञापन सामाग्रीको प्रचार, प्रसार गर्ने उद्देश्यले निजि भवनमा प्रदर्शनीको लागि राखिने चलचित्र स्क्रिन वोर्डलाई बुझाउदछ ।

(ण) "व्यानर" भन्नाले कपडामा लेखिएको वा प्रिन्ट गरिएको कुनै पनि किसिमको सन्देश सहितको विज्ञापन सम्झनुपर्छ । सो शव्दले कपडामा कुनै वस्तु टाँसी झुण्डयाइएको सामाग्री समेतलाई सम्झनु पर्दछ ।

(त) "विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्ति" भन्नाले वस्तु वा सेवाको उत्पादक वा विज्ञापन एजेन्ट वा होडिङ्ग वोर्ड निर्माणकर्ता वा माथि उल्लेखित एक वा एकभन्दा वढी वा सबैलाई जनाउँछ । सो शव्दले माथि उल्लेखित व्यक्ति सम्पर्क हुन नसकेको अबस्थामा विज्ञापन सामाग्री वा वोर्ड राखिएको सम्वन्धित घरजग्गा धनी समेतलाई बुझाउदछ ।

(थ) "गैर नाफामूलक संस्था" भन्नाले नाफा कमाउने उद्देश्य नभई सामाजिक तथा सेवामूखी क्रियाकलापहरु संचालन गर्ने र आन्तरिक राजश्व कार्यालयले कर नलाग्ने भनी तोकिदिएको संघ, संस्थालाई मात्र सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विज्ञापन वोर्ड तथा सामाग्री राख्ने स्थान र दर्ता

### ३. विज्ञापन गर्न सकिने स्थानहरु :

(१) स्थानीय तहको क्षेत्रभित्रका निम्न स्थानहरुमा विज्ञापन बोर्ड तथा प्रचार सामाग्री राख्न नगरपालिकाले अनुमती दिन सक्नेछ ।

(क) आफ्नो परिचय गराउने उद्देश्यले संघ, संस्था, फर्म, कम्पनी, उद्योगको कार्यालयको अघिल्तिर

(ख) व्यक्तिको निजी स्वामित्व भएको घर, कम्पाउण्ड, खाली जग्गामा

(ग) सरकारी निकायहरु, संस्थानहरु एवं गैर नाफामुलक संघ संस्थाहरुको निजी स्वामित्व भएको घर तथा जग्गामा

(घ) सिद्धिचरण नगरपालिकाको स्वामित्व र भोगाधिकार भएको घर जग्गामा

(ङ) सडकको दाँया वाँया किनारा, पोल, सार्वजनिक स्थल र पार्कहरुमा तर माथि खण्ड (ङ) मा उल्लेखित स्थानहरुमा शहरी सौन्दर्यकरण र ट्राफिक व्यवस्थापनलाई नकारात्मक असर नपर्ने गरी विज्ञापन सामाग्री राख्न अनुमति दिन सक्नेछ ।

(२) सिद्धिचरण नगरपालिका क्षेत्रभित्रका देहायको स्थानहरुमा परिचय पाटि वाहेक

अन्य कुनैपनि विज्ञापन वोर्ड तथा सामाग्री राखिने छैन ।

(क) विश्व सम्पदा सूचिमा परेको क्षेत्रको वरीपरी २०० मिटरको दुरीसम्म

(ख) पुरातात्विक तथा ऐतिहासिक महत्वका साँस्कृतिक स्थलहरुमा

(ग) नगरपालिकाले समय समयमा तोकेको अन्य स्थानहरुमा

(३) यस निर्देशिका लागू हुनु अघि उपदफा (२) मा उल्लेखित स्थानमा विज्ञापन वोर्ड तथा सामाग्री राखेको भएमा विज्ञापन वोर्ड तथा सामाग्रीहरु १५ दिन भित्र हटाउन नगरपालिकाले आदेश दिन सक्नेछ । विज्ञापन कर तिरेका यस किसिमका बोर्ड तथा विज्ञापन वस्तुहरु नगरपालिका क्षेत्रको अन्य विज्ञापन गर्न मिल्ने स्थानमा स्थानान्तरण गरेमा विज्ञापन वोर्ड पुनः दर्ता गरिरहनु नपर्ने र स्थानान्तरण वापतको दस्तुर पनि लाग्ने छैन ।

(४) नगरपालिका क्षेत्रमा रहेका विद्युतीय तथा अन्य किसिमका पोलहरुमा विज्ञापन वोर्डहरु राख्न सिद्धिचरण नगरपालिकाले अनुमति दिएको अवस्थामा वाहेक सडक किनारामा राखिएका पोलहरुमा विज्ञापन बोर्ड तथा सामाग्री राख्न पाईने छैन ।

(५) माथि यस दफा अन्तर्गतका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि सिद्धिचरण नगरपालिकाले कुनै स्थानमा कुनै वस्तु वा सेवाको कुनै तरिकाले विज्ञापन गर्न निषेध गर्न सक्नेछ ।

**४. विज्ञापनको आकार, प्रकार र वनौट :**

(१) प्रचार प्रसारको उद्देश्यले नगरपालिका क्षेत्रमा राखिने विज्ञापन वोर्ड वा सामाग्रीको आकार, प्रकार र बनौट अनुशुची -१ मा उल्लेखित मापदण्ड बमोजिम हुनेछ । तर यस निर्देशिकाको अनसुची -१ मा उल्लेख गरिए भन्दा भिन्न प्रकतिको विज्ञापन वोर्ड तथा सामग्री राख्न अनुमती माग भएमा सो विज्ञापन राख्न दिने नदिने सम्बन्धमा कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(२) यस निर्देशिका लागु हुनु अघि नगरपालिका क्षेत्रमा राखिएका वोर्ड तथा समाग्रीहरु अनुसुची -१ मा उल्लेखित मापदण्ड भन्दा फरक किसिमको भएमा उक्त वोर्डहरुलाई मापदण्ड बमोजिम कायम गर्न नगरपालिकाले ३ महिना अवधि दिई  सूचना जारी गर्नेछ । सो समयावधि भित्र यस निर्देशिका बमोजिम विज्ञापन बोर्डको मापदण्ड अनुरुप हुने गरी सुधार नगरेमा त्यस्तो विज्ञापन वोर्ड तत्काल हटाउने गरी कारवाही गर्नेछ ।

**५. विज्ञापन वोर्ड राख्न निवेदन दिनुपर्ने :**

(१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि नगरपालिका क्षेत्रमा विज्ञापन  वोर्ड राख्नुपूर्व बिज्ञापनको स्वामित्व भएको व्यक्तिले आवश्यक कुराहरु खुलाई सम्बन्धित शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखामा दिने निवेदनमा निम्न कुराहरु खुलाइएको हुनुपर्नेछ

(क) विज्ञापन वोर्ड रहने स्थान, वडा, मार्ग, पथ, घर (नजिकको घर, विभिन्न स्थानहरुमा भए सोको विवरण खुलाउने )

(ख) विज्ञापन वोर्ड रहने घर जग्गा धनीको तिनपुस्ते खुलेका नाम, थर र ठेगाना,

(ग) विज्ञापन वोर्ड सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था फर्म एजेन्सी कम्पनीको नाम, ठेगाना,

(घ) विज्ञापन वोर्डको आकार, प्रकार, वनौट र प्रकृति,

(ङ) बोर्ड/विज्ञापन सामाग्री राख्ने अवधि,

(च) तत्काल विज्ञापन गर्ने वस्तुको प्रकृति,

(छ) विज्ञापन वोर्डको संख्या,

(ज) अन्य आवश्यक कुराहरु,

(३) यस दफा बमोजिम दिने निवेदनमा विज्ञापन वोर्ड रहने घर वा जग्गा धनीको वा यस्तै अधिकारपत्र वा वहाल सम्झौतापत्र र घरको हकमा नक्सापास प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(४) माथि उपदफा (२) बमोजिम शाखामा पर्न आएको निवेदन उपर आवश्यक कार्वाहीको सिलसिलामा उक्त विज्ञापन वोर्डको मापदण्ड र वोर्डको अवस्थिति सम्बन्धमा स्थलगत रुपमै निरिक्षण गरी प्रतिवेदन पेश गर्न शाखा प्रमुखले कर्मचारी खटाउने वा वडाध्यक्षको समन्वयमा वडा कार्यालयबाट कर्मचारी खटिई निवेदन लिनेछ । यसरी विज्ञापन वोर्ड निरीक्षण गर्न खटिएको कर्मचारीले निवेदनमा उल्लेखित वोर्ड यस निर्देशिकाको मापदण्ड र अन्य कानुनी शर्त बमोजिम भए, नभएको सम्बन्धमा अध्ययन तथा निरीक्षण गरी शाखा प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । सो प्रतिवेदन माथि आबश्यक निकास लिन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्दछ ।

## ६. बिज्ञापन वोर्डको दर्ता गर्ने :

१) यस निर्देशिकाको दफा ५ बमोजिम पर्न आएका निवेदन उपर कार्वाही भई निवदेकको माग बमोजिम बिज्ञापन वोर्डको दर्ता गर्न मिल्ने सिफारिस सहितको प्रतिवेदन पेश हुन आएमा शाखाले यस निर्देशिकाको अनुसुची- २ बमोजिम सम्झौता गरी अनुसूची -३ मा उल्लेखित दररेट अनुसार वार्षिक कर आग्रीम रुपमै असुल गरी वोर्डको दर्ता अनुसुची - ५ बमोजिमको विज्ञापन वोर्ड दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ ।

२) यस दफा बमोजिम विज्ञापन वोर्ड दर्ता गर्दा सभाले तोके बमोजिमको दर्ता शुल्क लाग्नेछ । वोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा प्रतिलिपि प्रमाणपत्र माग गर्न सकिनेछ । यसरी प्रतिलिपि माग भई निवेदन पर्न आएमा शाखामा रहेको

रेकर्ड हेरी रु. ५०० ।- दस्तुर लिई प्रतिलिपि प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

३) माथि उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्ष भन्दा कम अवधिको लागि राखिने बिज्ञापन वोर्ड तथा सामाग्रीको शाखाले दर्ता प्रमाणपत्र छुट्टै नदिई अनुसुची -२ बमोजिम सम्वन्धित व्यक्तिलाई सम्झौता पत्र मात्र उपलब्ध गराउन सक्नेछ ।

**७. हाल कायम रहेको विज्ञापन वोर्डहरु नियमित गनुपर्ने :**

(१) यो निर्देशिका लागू हुंदा नगरपालिका क्षेत्रमा राखिएका विज्ञापन तथा वोर्डको स्वामित्व भएका व्यक्ति, फर्म वा कम्पनीको लागि ३ महिनाभित्र यस निर्देशिकाको मापदण्ड बमोजिम नगरपालिकाले सार्वजनिक सूचना जारी गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र विज्ञापन वोर्ड नियमित नगरेमा नगरपालिकाले तत्काल त्यस्ता विज्ञापन बोर्डमा विज्ञापन सामाग्री राख्न नपाउने गरी विज्ञापन स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई कालोसुचीमा राखी त्यस्ता वोर्डहरु तत्काल हटाउन निर्देशन दिने वा नगरपालिकाबाट हटाईनेछ ।

(३) माथि उपदफा (२) बमोजिम कालो सूचिमा राख्नु अघि सम्बधित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई सफाईको मौका दिनुपर्नेछ। निजबाट चित्तवुझ्दो जवाफ पेश गर्न नसकेमा शाखाको सिफारिसमा नगरपालिकाले सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई कालो सूचिमा राखी सो को जानकारी अन्य स्थानीय निकायहरुलाई समेत दिनेछ ।

(४) यस निर्देशिका बमोजिम कालो सूचिमा पर्ने व्यक्ति, फर्म वा कम्पनीले पुनः सिद्धिचरण नगरपालिका क्षेत्रमा कम्तिमा ५ वर्ष सम्म बिज्ञापन गर्न गराउन पाउने छैन ।

## परिच्छेद- ३

## सार्वजनिक निजी साझेदारी सम्वन्धी व्यवस्था

**८. प्रस्ताव आव्हान गर्ने :**

(१) स्थानिय तहले सार्वजनिक स्थल, सडकको दाँया वाँया र सार्वजनिक पार्कको संरक्षण, हरियाली प्रवर्द्धन र वाटिका निर्माण एवं संचालन गरी यस निर्देशिकाले तोकेको मापदण्डको अधिनमा रही आवश्यक संख्यामा विज्ञापन सामाग्री वा वोर्ड राख्न इच्छुक व्यक्ति, संघ, संस्था, फर्म तथा कम्पनीहरुबाट खुला प्रस्ताव आब्हान गर्न सक्नेछ ।

(२) माथि (१) बमोजिम प्रस्ताव माग गर्नु भन्दा अघि शहरी विकास, वातावरण संरक्षण र आय आर्जनलाई मध्यनजर गरी नगरपालिको क्षेत्रको सार्वजनिक स्थल, सडक दायाँ वायाँको खाली सार्वजनिक स्थल, सार्वजनिक पार्कको सर्वोत्तम् विकल्प

सहितको उपयोग सम्बन्धमा सम्बन्धित शाखाबाट आवश्यक अध्ययन गरी प्रस्ताव वा आशयपत्र तयार गरिनेछ ।

(३) माथि (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक पक्षको अध्ययन, मूल्यांकन एवं विश्लेषण गरी उत्कृष्ट प्रस्तावहरु मध्ये सर्वोत्कृष्ट प्रस्ताव छनौट गनुपर्नेछ । यसरी पर्न आएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकनको लागि आर्थिक व्यवस्था शाखा प्रमुख अनिवार्य सदस्य रहने गरी नगरपालिकाको सम्वद्ध शाखा र सार्वजनिक निजी साझेदारी एकाइको प्रतिनिधि भएको प्रस्ताव अध्ययन तथा मुल्यांकन समिति गठन गर्नुपर्नेछ ।

(४) माथि (३) अनुसार छनौट भएको सर्वोत्कृष्ट प्रस्ताव आवश्यकता अनुसार पूनः मुल्यांकन गरी पेश गर्न वोलपत्र मुल्यांकन समितिमा पठाउन पर्नेछ । यसरी प्रारम्भिक समिति तथा वोलपत्र मुल्याकन समितिले छनौट गरको प्रस्तावकसँग स्थानिय तहले सम्झौता गरी सम्झौतामा उल्लेखित अवधिभर अनुसची-३ बमोजिम विज्ञापन कर असुल गरी सम्झौतामा उल्लेखित आकार प्रकार र बनौटको विज्ञापन वोर्ड वा सामाग्री राख्न अनुमति दिनेछ ।

(५) सार्वजनिक निजी साझेदारी अन्तर्गत प्रस्ताव आब्हान गर्ने र छनौट गर्ने अन्य प्रक्रिया स्थानीय तहबाट लागू भएका सार्वजनिक नीजि साझेदारी नीतिहरु र प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**९. सोझै प्रस्ताव पेश गर्न सकिने :**

(१) कुनै व्यक्ति, फर्म, कम्पनी तथा संघ, संस्थाले नगरपालिकाको क्षेत्र भित्रको कुनै खाली सार्वजनिक स्थान वा सडकको दाँयाबायाँको जग्गामा हरियाली प्रवर्धन, यात्रु प्रतिक्षालय, वाटिका निर्माण गरी कुनै वस्तुको विज्ञापन गर्ने उद्देश्यले बिज्ञापन वोर्ड वा सामाग्री राख्ने माग गरी सोझै नगरपालिकामा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक तथा प्राविधिक क्षमता र प्रस्तावमा उल्लेख गरिएका सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन सम्वन्धी विशेष कार्यक्रम प्रस्ताव र उक्त प्रस्तावमा उल्लेखित लागत/लाभ समेत विश्लेषण गरी स्थानीय तहले त्यस्तो प्रस्ताव छनौट गर्ने सम्बन्धमा निर्णय गर्न सक्नेछ ।

(३) माथि उपदफा (२) बमोजिम प्रस्ताव मुल्यांकनको लागी दफा ८ (३) बमोजिम गठीत समितिमा पठाउनुपर्नेछ ।

(४) माथि उपदफा (१) बमोजिम सार्वजनिक स्थान प्रवर्द्धन गरे वापत राख्न दिइने विज्ञापन वोर्ड वा विज्ञापन वस्तुमा अनुसुची -३ को दरमा कर लिइनेछ ।

(५) माथि (१) र (२) बमोजिम पेश भएको प्रस्तावहरु छनौट गर्न उपयुक्त

नभएको भनी राय सहित सिफारिस भएमा उक्त काम खुल्ला प्रस्ताव आव्हान गरी गराउन नगरपालिकाले आवश्यकता ठानेमा यसै निर्देशिका बमोजिम खुल्ला प्रस्ताव गर्न सक्नेछ ।

**१०. सडक किनारामा रहेका पोलहरुमा विज्ञापन गर्न सकिने :**

(१) शहरी सौन्दर्य, ट्राफिक व्यवस्थापन समेतलाई मध्यनजर गरी स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका विद्युतीय लगायत अन्य किसिमको पोलहरुमा सोझै विज्ञापन गर्न दिने छैन ।

(२) यस निर्देशिका जारी हुनु पूर्व सम्बन्धित निकायको स्वीकृतिमा पोलहरुमा विज्ञापनगर्न दिईएको भए तापनि यस निर्देशिका जारी भएपछि सार्वजनिक निजी साझेदारी नीति बमोजिम पोलहरुमा निम्न किसिमका वोर्डहरुमा विज्ञापन गर्न सकिनेछ ।

क) सरकारी सूचना तथा सन्देशहरु समेतको वोर्ड

ख) स्थानीय तहले राख्ने वा राख्न लगाउने सडक नाम उल्लेखित वोर्ड

ग) स्थानीय तहले राख्ने अन्य सूचना तथा सन्देशमुलक वोर्डहरु

(३) सरकारी निकायले सार्वजनिक निजि साझेदारी नीति बमोजिम निजी क्षेत्रमार्फत नगरपालिका क्षेत्रमा सडकको दाँयावाँया अवस्थित पोलहरुमा विज्ञापन समेत राख्न पाउने गरी कुनै सूचना वा सन्देशमुलक वोर्ड निर्माण गर्न अनुमती दिनु अघि स्थानीय तह सँग त्यस्ता वोर्डको आकार, प्रकार, वनौट र लाग्ने करको सम्बन्धमा आवश्यक जानकारी एवं सहमति लिनुपर्नेछ ।

(४) सार्वजनिक निजि साझेदारी नीति बमोजिम पोलहरुमा राख्न सकिने सूचना सन्देश सहितको विज्ञापन वोर्डको आकार, प्रकार बनौट र संख्या निम्नानुसार हुनेछ ।

(क) आकार :- वढीमा २x३=६ वर्ग फिटसम्म

(ख) प्रकार- धातुको पाता ( स्टाण्ड सहित) ।

(ग) वनौट- धातुको पाता वा फ्रेममा फ्लास्क सामाग्री ।

(घ) संख्या- प्रति पोल एउटा वोर्ड मात्र राखिएको।

तर माथि खण्ड (घ) बमोजिम राखिएको विज्ञापन वोर्डमा दुई तर्फनै विज्ञापन गरेमा नगरपालिकाले दुवैतर्फको विज्ञापन कर यस निर्देशिकामा तोकिएको दररेट अनुसार लगाई असुल गर्नेछ ।

५) यस दफा बमोजिम राख्न दिने विज्ञापन वोर्डमा यस निर्देशिकाका-३ बमोजिम कर लगाई असुल गरिनेछ ।

६) यस दफा बमोजिम पोलमा राख्न दिने सन्देस सहिततको विज्ञापन वोर्डको अन्य प्रकृया माथि दफा ८ र ६ बमोजिम हुनेछ ।

## परिच्छेद ४

## विज्ञापन कर संकलन

**११. विज्ञापन कर असूल गर्ने तरिका :**

१) यस निर्देशिकाको अनुसूचि ३ मा अन्यथा उल्लेखित गरेकोमा वाहेक कुनै पनि किसिमको विज्ञापन वोर्डमा बार्षिक बिज्ञापन लगाई अग्रिम रुपमै असूल उपर गरिनेछ ।

२) विज्ञापन करको दर अनुसुची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) कुनै विज्ञापन वोर्डमा कुनै सूचना वा सन्देश उल्लेख गरी सो को प्रायोजन गरिएकोमा प्रायोजक विज्ञापन सामाग्रीले ओगटेको क्षेत्रफल बराबरको विज्ञापन कर बुझाउनु पर्नेछ ।

४) सरकारी निकाय तथा कर नलाग्ने सामाजिक परोपकारी संस्थाले सिद्धिचरण नगरपालिकको क्षेत्रमा सूचना वा सन्देशमूलक विज्ञापन राखेको तर सोको प्रायोजन गरेको अबस्थामा यस निर्देशिका बमोजिम प्रायोजकबाट विज्ञापन कर असूल उपर गरिनेछ ।

(५) माथि उपदफा ४ बमोजिम राखिएको धरौटी रकम कार्यसम्पन्न सन्तोषजनक भएको प्रतिवेदन प्राप्त भएपछि निवेदकको माग बमोजिम सिद्धिचरण नगरपालिकाले सम्बन्धित संस्थालाई फिर्ता दिनुपर्नेछ ।

**१२. विज्ञापन कर नलाग्ने :-**

(१) यस दफा बमोजिम कुनै गैर मुनाफामुलक संस्थाले निःशूल्क रुपमा पोल व्यानर राख्न अनुमती माग गरेमा कर वापतको रकम धरौटी वापत सिद्धिचरण नगरपालिकाको धरौटी खातामा जम्मा गर्न लगाई अनुमति दिन सकिनेछ । तोकिएको निर्देशन पालना नगरी विज्ञापन गरेमा धरौटि रकमबाट कर वापतको रकम कट्टा गरिनेछ ।

## परिच्छेद ५

## दण्ड, जरिवाना तथा पुनरावलाकन

**१३. विज्ञापन वोर्ड दर्ता नगरी विज्ञापन गर्न नहुने :**

(१) यस निर्देशिका बमोजिम वोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा नगरपालिकाले सात दिनभित्र वोर्ड दर्ता गर्न सम्बन्धित व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम निर्देशन दिदा पनि तोकिएको अवधिभित्र विज्ञापन वोर्ड दर्ता नगरेमा लाग्ने करको १० प्रतिशत जरिवाना समेत तिरी एक महिनाभित्र वोर्ड दर्ता गर्न कार्यालयले वोर्डको स्वामित्व भएको व्यक्तिलाई पुन : निर्देशन

दिनेछ ।

(३) माथि उपदफा (२) बमोजिम दिईएको थप म्याद पनि विज्ञापन वोर्ड दर्ता नगरेमा नगरपालिकाले बिज्ञापन सामाग्री हटाउने र हटाउन निर्देशन दिनेछ ।

**१४. फरक प्रकृतिको विज्ञापन सामाग्री विज्ञापन वोर्डमा लगाएमा :**

(१) यस निर्देशिका बमोजिम एक प्रकृतिको विज्ञापन सामाग्री राख्ने व्यहोरा खुलाई वोर्ड दर्ता गरी नगरपालिकालाई लिखित जानकारी नै नदिई अकै ´ प्रकृतिको विज्ञापन सामाग्री वोर्डमा लगाएमा रु ५000।- (पांच हजार) जरीवाना गरी संसोधित प्रकृति अनुसारको थप कर तिर्नुपर्ने भए तिरी नयाँ प्रकृतिको विज्ञापन सामाग्री राख्ने अनुमति लिन कार्यालयले सम्बन्धित विज्ञापनको स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा सिद्धिचरण नगरपालिकाले सो विज्ञापन वा सामाग्री जफत गर्ने वा हटाउनेछ ।

माथि उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना नगरेमा नगरपालिकाले विज्ञापन सामाग्री हटाउने वा हटाउन आदेश दिनेछ । यसरी विज्ञापन वस्तु हटाईएकोमा पुनः उक्त स्थानमा अर्को विज्ञापन सामाग्री राख्न माग गरेमा विज्ञापनको स्वामित्व भएको व्यक्तिले उपदफा (१) बमोजिम लागेको जरिवाना रु ५000 (पाचहजार) जरिवाना तिरेर थप कर तिर्नुपर्ने भए सो समेत शाखामा बुझाउनु पर्नेछ ।

**१५. निषेधित क्षेत्रमा वोर्ड राखेमा :**

(१) यस निर्देशिका बमोजिम निषेधित भनी तोकिएका स्थानहरु र सार्वजनिक निजि साझेदारी नीति बमोमिज मात्र विज्ञापन वोर्ड तथा सामाग्री राख्न सकिने सार्वजनिक स्थानहरुमा कसैले त्यस्ता वोर्ड तथा प्रचार सामाग्री राखेको पाईएमा तत्काल त्यस्तो विज्ञापन वोर्ड तथा सामाग्री हटाउन नगरपालिकाले निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले त्यस्ता वोर्ड तथा सामाग्रीहरु जफत गर्नेछ ।

**१६. स्वीकृत लिएको आकार प्रकार भन्दा फरक गरी विज्ञापन वोर्ड राखेमा :**

(१) यस निर्देशिका बमोजिम विज्ञापन वोर्ड दर्ताको अवस्था निवेदनमा खुलाईएको, चौडाई र बनौट भन्दा फरक किसिमको वोर्ड राखेको कुरा नगरपालिका वा वडाबाट खटिने निरीक्षण टोलिको फिल्ड निरिक्षणबाट देखिएको र उक्त वोर्ड मापदण्ड भित्रै नरहेको भए रु. ५,000।- (पांच हजार) जरिवाना लिई थप कर समेत असुल गरी उक्त वोर्डलाई नगरपालिकाले नियमित गर्न सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम वोर्ड नियमित गर्न नगरपालिकाले विज्ञापन स्वामित्व

भएको व्यक्तिलाई निर्देशन दिनेछ । उक्त निर्देशन पालना नगरेमा उक्त वोर्डमा विज्ञापन गर्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

**१७. विज्ञापन वोर्ड दर्ता गर्दा विज्ञापन सामाग्री राख्न दिने निवेदनमा झुटो विवरण दिएमा :**

(१) यस निर्देशिका बमोजिम विज्ञापन वोर्ड दर्ता तथा विज्ञापन सामाग्री राख्ने अनुमति माग गर्ने निवेदनमा झुटा विवरण दिएको कुरा प्रमाणित भएमा नगरपालिकाले निवेदकलाई रु. ३000।- (तीन हजार) जरिवाना लगाई असुल उपर गर्नेछ ।

**१८. विशेष प्रकृतिको मात्र वोर्ड राख्न पाउनेमा अन्य किसिमको वोर्ड राखेमा :**

(१) नगरपालिकाले यस निर्देशिकाको दफा ३ (२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार कुनै क्षेत्रको लागि तोकिएको भन्दा फरक किसिमका वोर्ड निर्माण गरेमा उक्त वोर्ड तथा सामाग्री ७ दिन भित्र हटाउन सम्वन्धित विज्ञापन स्वामित्व भएको व्यक्तिलाई निर्देशन दिनेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले सो विज्ञापन वोर्ड सामाग्री जफत गर्ने वा हटाउनेछ ।

**१९. दण्ड सजायको पुनरावलोकन सम्बन्धी व्यवस्था :**

(१) यस दफा बमोजिम नगरपालिकाले गरेको दण्ड सजाय उपर चित्त नबुझने व्यक्तिले दण्ड जरिवानाको जानकारी पाएको मितिले ३५ दिन भित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमुख समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम दिएको पुनरावेदन उपर नगरपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६

## विविध

**२०. विज्ञापन वोर्ड दर्ता प्रमाण पत्र र यसको अभिलेख व्यबस्था :**

(१) शाखाले विज्ञापन वोर्ड दर्ताको अभिलेख अनुसुची : ४ बमोजिमको विज्ञापन वोर्ड दर्ता किताबमा राख्नु पर्नेछ ।

(२) विज्ञापन वोर्ड दर्ता प्रमाणपत्रको ढाँचा अनुसुची - ५ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(३) विज्ञापन वोर्ड तथा सामाग्री राख्ने विज्ञापन स्वामित्व भएको व्यक्तिसँग यस निर्देशिकाको अनुसुची-२ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**२१. होर्डिङ वोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्ने :**

(१) स्थानिय तहले तोकेको स्थानमा होर्डिङ वोर्ड स्थापना गर्न अनुमति पाएको

विज्ञापन वोर्डको स्वामित्व भएको ब्यक्तिले उक्त वोर्डको संरचना तयार गर्दा प्रयाप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) वोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा स्थानीय तहले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित वोर्डको स्वामित्व भएको व्यक्तिको कर्तब्य हुनेछ ।

**२२. विज्ञापन वोर्ड नामसारी, ठाऊँसारी तथा दर्ता खारेजीको लागि अनुमति :**

(१) विज्ञापन वोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजीको लागि तिर्न बाँकी कर चुक्ता गरी निवेदन दिनुपर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाऊसारी गर्ने घरधनीसंगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुवैपक्षको रोहोबरमा वोर्डको स्वामित्व परिवर्तन सम्बन्धि कारवाही गरी वोर्ड दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) वोर्डको नामसारी, ठाउसारी तथा हटाउने कार्वाही गर्दा सेवा शुल्क वापत नगरपालिकाले तोकिएको शुल्क लिनेछ ।

(४) विज्ञापन वोर्डको एकपटक दर्ता गरिसकेपछि वोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व वोर्डको स्वामित्व भएको व्यक्तिको हुनेछ । वोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र विज्ञापन करमा कुनै छुट वा मिन्हा हुनेछैन ।

**२३. विज्ञापन वोर्डको नविकरण गर्नुपर्ने :**

(१) यस निर्देशिका बमोजिम अनुमतिप्राप्त विज्ञापन वोर्डको प्रत्येक वर्षको लागि अग्रीम रुपमा कर तथा अन्य दस्तुरहरु तिरी नविकरण गर्नु पर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम विज्ञापन स्वामित्व भएको व्यक्तिले आफुले राखेका वा राख्न दिएका विज्ञापन वोर्डको कर तिरेको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र नविकरण गरिसक्नु पर्नेछ । उक्त समय भित्र विज्ञापन वोर्डको नविकरण नगरेमा लाग्ने कर रकममा पहिलो महिनाको लागि १०%, दोश्रो महिनाको १५% र तेश्रो महिनाको लागि २०% का दरले जरिवाना र वार्षिक कर असुल गरी ३ महिनासम्ममा नविकरण गर्न सकिनेछ । म्याद नाघेको ३ महिनासम्ममा पनि वोर्ड नविकरण नगरेमा नगरपालिकाले विज्ञापन वोर्ड वा सामाग्री हटाउने वा जफत वा नष्ट गर्नेछ ।

(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले कर नतिरी राखेको वा तोकिएको समयभित्र नविकरण नगरिएका विज्ञापन वोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि वढीमा १५ दिनको सुचना सम्वन्धित विज्ञापन वोर्डका स्वामित्व भएको व्यक्ति, फर्म वा कम्पनीलाई दिनुपर्नेछ ।

(४) माथि उपदफा (२) र (३) बमोजिम नगरपालिकाले बिज्ञापन वोर्ड वा सामाग्री नष्ट

गरिएको वा हटाईएकोमा विज्ञापन वोर्डको नविकरण गर्न नगरपालिकासमक्ष अनुरोध गरेमा वक्यौता कर र सो करको ५० प्रतिशत एकमुष्ट जरिवाना लिई शाखाले विज्ञापन वोर्डको नविकरण गर्न सक्नेछ ।

२४. **होर्डिङ वोर्ड वापतको वहाल कर तिर्नुपर्ने :** विज्ञापन वोर्डहरु राख्न दिने घर तथा जग्गा धनीले तिर्नुपर्ने वहाल कर वापतको रकम नगरपालिकाले सम्बन्धित घर वा जग्गा धनीको नाममा विज्ञापन वस्तुको स्वामित्व भएको व्यक्तिबाटै असूल गर्नेछ ।

**२५. परिचय पाटी वापतको कर व्यवसाय कर सँग आवद्ध गर्न सकिने :**

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुबाट व्यवसाय कर असूल गर्दाको अवस्थामा परिचय पाटि वा साइन वोर्ड वापतको कर रकम असूल गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिम कर असूल गरेपछि परिचय पाटीको विवरण व्यवसाय दर्ता पत्रमा उल्लेख गर्न सकिनेछ ।

(३) माथि उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिचय पाटिको छुट्टै दर्ता नविकरण गर्न यस दफाले वाधा पुर्‍याएको मानिने छैन ।

२६. **वाधा अडकाउ फुकाउन सक्ने :** यस निर्देशिका कार्यान्वयनको सिल सिलामा केही वाधा अडचन देखा परी तत्काल केही कुरा हेरफेर वा संशोधन गर्नु परेमा , नगर कार्यापालिकाले सम्वन्धित शाखाको राय लिई नगरपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

२७. **निर्देशिका बमोजिम हुने :** सिद्धिचरण नगरपालिका क्षेत्रभित्र विज्ञापन कर लगाई असूल उपर गर्ने कार्य यसै निर्देशिका बमोजिम हुनेछ ।

२८. **विज्ञापन कर संकलन कार्यमा सहयोग गर्नुपर्ने :** यस निर्देशिका बमोजिम कर लगाई असुल उपर गर्ने कार्यमा आवश्यक सहयोगको लागि राजश्व शाखा, बिभिन्न वडा कार्यालय र अन्य शाखाको सहयोग माग गर्न सक्नेछ । यसरी सहयोग माग गरेमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

# अनुसूची (१)

## दफा ४ को उपदफा (१) बमोजिम

## विज्ञापनको आकार, प्रकार र बनौट

| क्र. सं. | विज्ञापन वोर्ड/सामाग्रीको प्रकार | विज्ञापन वोर्डको आकार अधिकतम् सिमा (बर्गफिटमा) | विज्ञापन वोर्ड तथा सामाग्रीको |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | २०X४०=४०० सम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राख्ने |
| २. | साइन बोड(परिचय पाटी) | ३० वर्ग फिटसम्म | फलामको पातामा लेखिएको वा प्रिन्ट गरेको सामाग्री राखेको |
| ३. | नियोन बोर्ड | २०X२०=६० बर्ग फिट सम्म | बिद्युतिय तरङ्ग जडित बिशेष किसिमको बोर्ड |
| ४ . | ग्लो बोर्ड ( बिद्युतिय परिचय पाटि ) | ३० वर्ग फिटसम्म | ग्लो बोर्डको स्पेशल बनावट |
| ५. | ट्राई भिजन बोर्ड | २०X३०=६०० बर्ग फिट सम्म | ट्राई भिजन स्पेशल बनावट |
| ६. | स्क्रोलर बोर्ड | १०X१०=१०० बर्ग फिट सम्म | बिद्युतीय माध्यमबाट एकभन्दा बढि बिज्ञापन सामग्री प्रचार गर्न |
| ७. | पोल ब्यानर | २X३=६ बर्ग फिट सम्म | कपडामा लेखिएको वा प्रिन्ट गरीएको |
| ८. | धातुको अक्षर बोर्ड | ३० बर्ग फिट सम्म | धातुले अक्षर , शब्द वा चित्र अंकित गरिएको वा टाँस गरिएको फ्रेम |
| ६. | चलचित्र बोर्ड | १०X१०=१०० बर्ग फिट सम्म | बिद्युतीय माध्यमबाट बिज्ञापन सामाग्री प्रदर्शन गरिने चलचित्र बोर्ड |

द्रष्टव्य :- ३० वर्गफुट भन्दा वढीको साइन वोर्डलाई कर प्रयोजनका लागि होर्डिङ वोर्डको रुपमा लिईने छ ।

# अनुसूची २

## निर्देशिकाको दफा ६ (१) बमोजिम
## विज्ञापन सम्झौता पत्र

सिद्धिचरण नगरपालिका (यसपछि "प्रथम पक्ष" भनिएको) र .................................... ....................................(यसपछि "द्धितीय पक्ष" भनिएको) वीच सिद्धिचरण नगरपालिका वडा नं................मार्ग ................ टोल ........... ........... नम्बरको घरधनी श्री ..............................को भवन/जग्गामा ...........................बस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्तनामा पालना तथा कार्यान्वयन गर्न दुवै पक्ष मन्जुर भई यो सम्झौता गरी एक एक प्रति लियौ, दियौ ।

**शर्तहरु**

१. प्रथम पक्षले स्वीकृत दिएको स्थानमा स्वीकृत विज्ञापन वोर्ड/सामाग्री द्धितिय पक्षले विज्ञापन प्रयोजनको निमित्त राख्नेछ । स्वीकृति पश्चात बिज्ञापन परिचयपाटी/होर्डिङ वोर्ड/अन्य वोर्डको आकारः लम्वाई ........... चौडाई. ......... उचाईको हुनेछ । जम्मा ................वर्ग फिटले मिति.................. देखि .................सम्म ........ वर्ष ..... को प्रति वर्गफुट रु. ....................ले जम्मा रु ................. द्धितिय पक्षले प्रथम पक्षलाई.......................मिति सम्ममा बुझाई सक्नु पर्नेछ ।

२. द्धितीय पक्षले विज्ञापन सम्बन्धी आवेदन दिदाको वखत उल्लेख गरी स्वीकृत लिएको विषयमा मात्र विज्ञापन गर्न राख्न पाउनेछ । स्वीकृत बिज्ञापन वाहेक अन्य विवरणको विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नुपरेमा दोश्रो पक्षले लिखित जानकारी गराई प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ ।

३. प्रथम पक्षले विज्ञापन हटाउन निर्देशन दिएमा द्धितीय पक्षले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ । तर त्यस्तो विज्ञापन हटाउन प्रथम पक्षको लिखित स्वीकृत लिनुपर्नेछ ।

४. द्धितीय पक्षले तोकिएको स्थानमा विज्ञापन राखी प्रथम पक्षलाई शुल्क तिरिसकेको भएमा प्रथम पक्षको निर्देशन अनुसार विज्ञापन हटाएमा द्धितिय पक्षले सो बिज्ञापन अन्य कुनै स्थानमा राख्न चाहेमा प्रथम पक्षले स्वीकृत दिन सक्नेछ । अन्यथा प्रथम पक्षले दामासाहिले द्धितीय पक्षलाई रकम फिर्ता गर्नेछ ।

५. विज्ञापन वोर्ड प्राविधिक दृष्टिले सुरक्षित ढंगले निर्माण गर्नुपर्नेछ ।

६. विज्ञापन बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवारी द्धितीय पक्षको हुनेछ ।

७. द्धितिय पक्षले स्वीकृत प्राप्त गरि विज्ञापन राखीसकेपछि विज्ञापन करको दरमा

हेरफेर भएमा सोही अनुसार द्धितिय पक्षले प्रथम पक्षलाई कर बुझाउनुपर्नेछ ।

८. दोश्रो पक्षबाट पेश गरिएको विज्ञापन वोर्ड को कुनैपनि बेला निरीक्षण गर्दा स्वीकृत दिइएको स्थान र मापदण्ड भन्दा फरक पर्न गएमा होर्डिङवोर्ड तत्काल हटाउने वा जरिवाना गर्ने वा दुवै गर्न सक्नेछ ।

९. सिद्धिचरण नगरपालिकाबाट प्राप्त सांकेतिक चिन्ह तथा वोर्डको दर्ता नम्बर वोर्डमै देखिने गरी माथिल्लो भागमा सुरक्षित ढंगले सम्पूर्ण जिम्मेवारी द्धितीय पक्षको हुनेछ ।

१०. होर्डिङ्ग वोर्डको आकार, प्रकार र निषेधित क्षेत्र सम्वन्धी नगरपालिकाले जारी गर्ने नीतिगत व्यवस्था अनुसार वोर्ड हटाउन वा आकार प्रकार परिमार्जन गर्न पर्ने भएमा सो अनुसारको आदेश निर्देशन पालना गर्न द्धितीय पक्ष मन्जुर गर्दछ । यसो गर्दा असूल भईसकेको विज्ञापनदाताले तिर्नपर्ने कर दायित्वमा समायोजन गरिनेछ ।

११. म्याद समाप्त भएको मितिबाट ३५ दिन भित्र वा तोकिएको समयभित्र नविकरण गर्नुपर्नेछ । अन्यथाप्रथम पक्षले विज्ञापन कर निर्देशिका बमोजिम आवश्यक कार्वाही अगाडी वढाउनेछ ।

| **सिद्धिचरण नगरपालिकाको तर्फबाट** | **विज्ञापन कर्ता/ एजेन्सीको तर्फबाट** |
|---|---|
| नाम थर : | नाम थर : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| पद : | पद : |
| बाबुको नामः | नागरीकता नं र जारी जिल्ला-(व्यक्तिको हकमा) : |
| छाप : | फर्म वा कम्पनीको नाम - |
| | छाप : |

**साक्षीहरु**

१.

२.

ईति सम्बत ...........साल ...............महिना .............गते....रोज....... शभम् ।

# अनुसची ३

## दफा ११ को उपदफा (२) सँग सम्वन्धीत

## विज्ञापन करको दर

| क्र. स. | विज्ञापनको किसिम | विज्ञापन दर रु. (प्र.वर्ग फुट ) | मदिरा सूर्तिजन्य विज्ञापन दर |
|---|---|---|---|
| १. | परिचय पाटी/साइन वोर्ड | रु. १००/- | – |
| २. | होर्डिङ्ग वोर्ड (विज्ञापनपाटी) | रु.१५० ।- प्रति वर्गफुट/प्रत्येक बर्ष | ५० % थप (९० ।- प्र.व.फु (प्र.वर्ष ) |
| ३. | नियोनसाइन वोर्ड | रु.१०० ।- प्रति वर्ष | ५०% थप (१३५ ।- – ९० ।- प्र.व.फु (प्र.वर्ष ) |
| ४ | ग्लोसाइन(विद्युतीय) वोर्ड | रु.२०० ।- प्रति वर्गफुट प्रत्येक बर्ष | ५०% थप (१३५ ।- प्र.व.फु (प्र.वर्ष ) |
| ५ | चलचित्र वोर्ड | रु.३०० ।- प्रति वर्गफुट (वार्षिक) | ५०% थप प्र.व.फु (प्र.वर्ष ) |
| ६ | त्रिभिजन बोर्ड | रु.१०० ।- प्रति वर्गफुट (वार्षिक) | ५०% थप प्र.व.फु (प्र.वर्ष ) |
| ७ | स्कोरल भिजन बोर्ड | रु.२०० ।- प्रति थान/प्रति हप्ता | ५०% थप १५० ।- प्र.व.फु (प्र.हप्ता ) |
| ८ | व्यानर/फिल्मी पोष्टर | रु.१२०० ।- प्रति गोटा/प्रति हप्ता | ५०% थप प्र.व.फु (प्र.वर्ष ) |
| ९ | आकाशे वेलुन | रु. १००/- प्रति वर्गफुट (प्रत्येक महिना | ५०५% थप प्र.व.फु (प्र.वर्ष ) |
| १० | व्यवसायिक भवन प्रवेश र विज्ञापन गेट | वार्षिक रु. ५,००० | ५०% थप |
| ११ | गाडीमा बोकी विज्ञापन | १००० ।- प्रति गाडी प्रति हप्ता/प्रति दिन रु २००/- | ५०% थप |

| | | | |
|---|---|---|---|
| १२ | गाडीमा बोकी विज्ञापन | १000।- प्रति गाडी/प्रति हप्ता प्रतिदिन | ५0% थप |
| १३ | व्याग प्याग | प्रतिदिन रु. १00। प्रति गोटा | ५0% थप |
| १४ | पोल ब्यानर | २00 प्रति हप्ता | ५0% थप |
| १५. | जात्रा ,मेला , खेलकुद बिज्ञापन | रु १00 प्रति हप्ता प्रति वर्गफुट | ५0% थप |
| १६. | डिजिटल होर्डिङ बोर्ड | प्रति बर्गफुट रु १00 | ५0% थप |
| १७. | लाईट बोर्ड | प्रति बर्गफुट रु १00 | ५0% थप |

# अनसूची ४

दफा २० को उपदफा (१) बमोजिम

## सिद्धिचरण नगरपालिका कार्यालय

## राजश्व शाखा

## विज्ञापन वोर्ड दर्ता किताब

विज्ञापन वोर्ड दर्ता (वडा/द. नं./ साल) ..................................

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नाम :-

२. विज्ञापन रहने स्थान -.........वडा ...... घर नं. ............. मार्ग/पथ/सडक ..............

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः- ........ ...........................

४. विज्ञापन वोर्डको आकार, प्रकार र वनौट -

क) आकार :- ......... लम्वाई ...............चौडाई ...............वर्गफिट ..........................

ख) विज्ञापन बोर्डको प्रकार - होर्डिङ वोर्ड/होर्डिङ वोर्ड साना/साइन वोर्ड/ग्लो बोर्ड वा त्रिभिजन बोर्ड ...............................

ग) बनौट : .................................

५. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगाना -............................

६. विज्ञापन वोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण -

| क्र. सं | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर, ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. दर्ता/नविकरणको अद्यावधिक तालिका :

| दर्ता / नविकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्वद्ध कम्पनी / फर्मको नाम | कर असुल भएको अवधि | कर असुली रकम | र. नं. | कर अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

# अनसूची ५

दफा २० को उपदफा (२) बमोजिम

## सिद्धिचरण नगरपालिका

## राजश्व शाखा

## विज्ञापन वोर्ड दर्ता प्रमाण पत्र

दर्ता मितिः ..........................
प्रमाण पत्र नं...................

सिद्धिचरण नगरपालिका वडा नं. .............. मार्ग ........... घर नं. ........... बस्ने श्री ............... .............................. लाई बिज्ञापन कर निर्देशिका २०७५ बमोजिम निम्न उल्लेखित अनुसार समय समयमा नगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन र सूचनाको पालना गरी विज्ञापन कर तिरी विज्ञापन बोर्ड राख्न यो प्रमाण पत्र दिईएको छ ।

**विज्ञापन वोर्डको विवरण -**

१. विज्ञापन रहने घर तथा जग्गा धनीको नामः- .....................................................
२. विज्ञापन रहने स्थान........वडा ...... घर नं. .............. मार्ग/पथ/सडक .............

३. सार्वजनिक/प्रति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः- ......... .............................................

४. विज्ञापन वोर्डको आकार, प्रकार र वनौट -

क) आकार : ......... लम्वाई ...............चौडाई ...............वर्गफिट

ख) विज्ञापन बोर्डको प्रकार : होर्डिङ वोर्ड/होर्डिङ वोर्ड साना/साइन वोर्ड/ग्लो वोर्ड/वोर्ड/त्रिभिजन बार्ड .............................

ग) बनौट :

५. विज्ञापन स्वामित्व भएको व्यक्तिक नाम, थर :-...........................
६. विज्ञापन स्वामित्व भएको व्यक्तिको नाम, थर, ठेगाना -...........................
७. विज्ञापन वोर्डको स्वामीत्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरण :

| क्र. सं | साविकवालाको नाम थर, ठेगाना | हालवालाको नाम थर, ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

............................................ ............................................

विज्ञापन स्वामित्व भएको व्यक्तिको हस्ताक्षर कर अधिकृतको हस्ताक्षर

**शर्तहरु**

१. सम्झौतामा अन्यथा उल्लेख गरिएको बाहेक प्रत्येक आर्थिक वर्षको वा म्याद समाप्त भएको ३५ दिन भित्र प्रत्येक वर्षको लागि अग्रिम रुपमा कर बुझाउनु पर्नेछ ।

२. होर्डिङ वोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा नगरपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ ।

३. विज्ञापन वोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी कार्यालयको पूर्व स्वीकृति लिई हटाउन सकिनेछ ।

आज्ञाले
भोजराज खतिवडा
प्रमुख प्रशासकीय अधिकृत